आज मिति २०७८।०१।२५ गते जिल्ला प्रशासन कार्यालय, रुकुम (पश्चिम) मा जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) का अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी बद्रीनाथ गैहेको अध्यक्षता तथा प्रतिनिधी सभाका माननीय सदस्य जनार्दन शर्मा प्रभाकरको विशेष आमन्त्रित उपस्थितिमा तपशिलका पदाधीकारीहरुको उपस्थितिमा जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको वैठक वसी निम्नानुसार विषयसूचीमा छलफल गरी देहाय वमोजिम गर्ने गराउने निर्णय गरियो ।

आमन्त्रित उपस्थिति:

| | | |
|---|---|---|
| श्री जनार्दन शर्मा प्रभाकर | प्रतिनिधी सभा सदस्य | संघीय संसद |
| श्री गोपाल शर्मा | सदस्य | कर्णाली प्रदेश सभा |
| श्री राज कुमार शर्मा | प्रमुख | जि.स.स.रुकुम (पश्चिम) |
| श्री देवीलाल गौतम | नगर प्रमुख | मु.न.पा, रुकुम (पश्चिम) |
| श्री विशाल शर्मा | नगर प्रमुख | चौ.न.पा. रुकुम (पश्चिम) |
| श्री गोर्ख वहादुर के.सी. | नगर प्रमुख | आ.न.पा. रुकुम (पश्चिम) |
| श्री नर वहादुर पुन | अध्यक्ष | सानीभेरी गा.पा. रुकुम (पश्चिम) |
| श्री झक्कु प्रसाद घर्ती मगर | अध्यक्ष | त्रिवेणी गा.पा. रुकुम (पश्चिम) |
| श्री धर्म वहादुर के.सी. | अध्यक्ष | वाँफिकोट गा.पा. रुकुम (पश्चिम) |

उपस्थिति:

| | | |
|---|---|---|
| श्री बद्रीनाथ गैहे | प्र.जि.अ./अध्यक्ष | जि.प्रशा.का. रुकुम (पश्चिम) |
| श्री गोपाल सिंह वोहोरा | सेनानी/सदस्य | नरसिहदल गण, रुकुम (पश्चिम) |
| श्री ध्रुव कुमार श्रेष्ठ | प्र.ना.उ./सदस्य | जि.प्र.का. रुकुम (पश्चिम) |
| श्री प्रेम सिंह धामी | स.प्र.ना.उ./सदस्य | स.प्र.वल, रुकुम (पश्चिम) |
| श्री पवन जोशी | प्र.अ.अ. /सदस्य | रा.अ.जि.का. रुकुम (पश्चिम) |
| श्री विष्णु वहादुर वुढाथोकी | नि.स्वा.से.व्य. /सदस्य | स्वा.से.का. रुकुम (पश्चिम) |
| श्री राज कुमार भुजेल | मेडिकल अधिकृत/सदस्य | स्वा.से.का. रुकुम (पश्चिम) |

अन्य उपस्थिति:

| | | |
|---|---|---|
| श्री नरहरी तिवारी | प्रमुख प्रशासकिय अधिकृत | मु.न.पा, रुकुम (पश्चिम) |
| श्री धुर्व लम्साल | नि.प्रमुख प्रशासकिय अधिकृत | आ.न.पा रुकुम (पश्चिम) |
| श्री भुपाल सिं विष्ट | नि.प्रमुख प्रशासकिय अधिकृत | सानीभेरी गा.पा. रुकुम (पश्चिम) |
| श्री रमेश पुन | नि. प्रमुख प्रशासकिय अधिकृत | त्रिवेणी गा.पा. रुकुम (पश्चिम) |
| श्री ज्ञानवहादुर खड्का | नि.प्रमुख प्रशासकिय अधिकृत | वाँफिकोट गा.पा. रुकुम (पश्चिम) |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम (पश्चिम)

मिति २०७८।०१।२५ गतेको जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र(DCCMC) बैठकका

एजेण्डाहरु:

१. समीक्षा
२. कोभिड-१९ रोकथाम तथा नियन्त्रण सम्बन्धमा ।
३. उपचार व्यवस्थापन सम्बन्धमा।
४. जनशक्ति व्यवस्थापन सम्बन्धमा।
५. अक्सिजन व्यवस्थापन सम्बन्धमा ।
६. सामग्री खरिद तथा व्यवस्थापन सम्बन्धमा ।
७. स्रोत व्यवस्थापन
८. प्रतिवेदन सम्बन्धमा ।
९. विविध

निर्णयहरु:

१. समीक्षा:

विश्वव्यापी महामारीको रुपमा फैलिएको नयाँ भेरियन्ट सहितको कोभिड- १९ को दोस्रो लहरबाट यस जिल्लामा हालसम्म ३२७ जना संक्रमित भएकोमा ५ जनाको मृत्यु भएको, ८ जना थप उपचारका लागि सुविधासम्पन्न अस्पतालमा पठाइएको, ३० जना जिल्ला तथा स्थानीय तहका अस्पतालहरुमा उपचाररत रहेको, २५२ जना होम आइसोलेशनमा रहेको र ३२ जना उपचार पश्चात निको भएको, संक्रमित व्यक्तिहरुको सम्पर्कमा रहेका व्यक्तिहरुको पहिचान गरी परीक्षणको व्यवस्था मिलाउन स्थानीय तहका CICT टीमहरु परिचालन गरिएको छ।कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि नेपाल सरकार, प्रदेश सरकारबाट भएका निर्णय कार्यान्वयन सँगै जिल्लाको आवश्यकता बमोजिम आवश्यक उपायहरु अवलम्बन हुँदै आएको छ।मिति २०७८।०१।१९ गते बिहान ६:०० बजेदेखि मिति २०७८।०१।३१ गते राती १२:०० बजेसम्मका लागि संक्रामक रोग ऐन, २०२० को दफा २ तथा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम आदेश जारी भई कार्यान्वयन भइरहेको छ। जनस्वास्थ्यका प्रचलित मापदण्ड पालनाका लागि विभिन्न माध्यमबाट प्रचार प्रसार र अनुरोध हुँदै आएको छ।उपचार व्यवस्थापनका लागि जिल्लाका विभिन्न अस्पतालहरुमा क्षमता विस्तार, अक्सिजन व्यवस्थापन लगायत अन्य पूर्वाधार निर्माणका कार्यहरु अघि बढिरहेको छ।आवश्यक पूर्वाधार र जनशक्तिको व्यवस्थापनका लागि नेपाल सरकार तथा प्रदेश सरकारसँग निरन्तर समन्वय र अनुरोध भइरहेको छ। तीव्र रुपमा बृद्धि भइरहेको संक्रमण दर रोकथाम तथा संक्रमितलाई भरपर्दो उपचारको व्यबस्थापन गरी मृत्युदर न्यूनीकरण गर्न रोकथाम तथा नियन्त्रणमा थप सक्रियता र थप स्रोत साधन, क्षमता विस्तारमा जोड दिनुपर्ने देखिन्छ।

२. रोकथाम तथा नियन्त्रण

कोभिड-१९ को संक्रमण थप फैलिन नदिनका लागि देहायबमोजिम गर्ने निर्णय गरियो:

(क) स्थानीय प्रशासनबाट जारी आदेशलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै अत्यावश्यक कार्य बाहेक मानिसहरुलाई घर बाहिर निस्कन तथा भीडभाड हुने खालका कुनै गतिविधि सञ्चालन गर्न रोक लगाउने।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पश्चिम)

(ख) विदेश तथा जिल्ला बाहिरबाट आउने व्यक्तिहरुलाई स्थानीय प्रशासन, प्रहरी तथा स्थानीय तहको समन्वयमा अनिवार्य रुपमा कम्तिमा १० दिन होम क्वारेन्टीनमा राख्ने व्यवस्था मिलाउने।

(ग) विदेश तथा जिल्ला बाहिरबाट आउने व्यक्तिहरु होम क्वारेन्टीनमा बसे/नबसेको निगरानी गर्न तथा निजहरुको स्वास्थ्य अवस्थाका सम्बन्धमा नियमित जानकारी लिनका लागि जनप्रतिनिधि, सुरक्षाकर्मी र स्वास्थ्यकर्मी सहितको टोली गाउँ तथा बस्तीहरुमा परिचालन गर्ने। सो प्रयोजनका लागि सबै स्थानीय तहहरुले प्रत्येक वडामा वडाध्यक्षको संयोजकत्वमा स्थानीय प्रहरी इकाईका प्रतिनिधि र स्वास्थ्यकर्मी सहितको टीम तत्काल गठन गरी खटाउने।

(घ) स्थानीय तह, सुरक्षा निकाय लगायत सरोकारवालाहरुद्वारा टोल तथा बस्तीहरुमा कोभिड-१९ सम्बन्धी सचेतनामूलक माइकिङ, प्रचारप्रसार तथा परामर्श सेवा सञ्चालन गर्ने।

(ङ) विदेश तथा बाहिरी जिल्लाहरुबाट आउने व्यक्तिहरुलाई होम क्वारेन्टीनमा बस्न लगाउने, बसे नबसेको एकीन गरी निगरानी गर्ने तथा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने सम्बन्धमा सचेतना प्रदान गर्ने कार्यका लागि स्थानीय तहहरुले स्थानीय टोल सुधार समिति, उपभोक्ता समिति, स्थानीय संघसंस्था, कृषक सहकार्य समूह आदिलाई समेत परिचालन गर्ने।

(च) स्थानीय सञ्चारका माध्यमहरुद्वारा कोभिड-१९ सम्बन्धी सचेतनामूलक सूचना तथा सन्देशहरु प्रवाह गर्ने।

(छ) संक्रमितको सम्पर्कमा आएका व्यक्तिहरुको Contact Tracing लाई प्रभावकारी बनाई Contract Tracing मा पर्ने व्यक्ति तथा अन्य बढी जोखिम क्षेत्रको पहिचान गरी परीक्षणको दायरा बृद्धि गर्ने । यसका लागि स्थानीय तहहरुले CICT लाई प्रभावकारी रुपमा परिचालन गर्ने। सो कार्यको समन्वय स्वास्थ्य सेवा कार्यालयले गर्ने।

३. उपचार व्यवस्थापन

कोभिड-१९ संक्रमित व्यक्तिहरुको उपचार व्यवस्थापन देहाय बमोजिम गर्ने निर्णय गरियोः

(क) अक्सिजन नचाहिने सामान्य अवस्थाका संक्रमितलाई होम आइसोलेशनमा बस्न लगाई स्थानीय तह अन्तर्गतका स्वास्थ्यकर्मीहरु परिचालन गरी उनीहरुको स्वास्थ्य अवस्थाको नियमित रेखदेख गर्ने। संक्रमितको अक्सिजनको मात्रा नापजाँच गर्नका लागि स्थानीय तहहरुले आवश्यक संख्यामा अक्सिमिटर(Oxymeter) खरिद गर्ने ।

(ख) अक्सिजन चाहिने तर जटिल नभएका संक्रमितहरुको उपचार स्थानीय तह अन्तर्गतका अस्पतालहरुमा गर्ने । ती अस्पतालहरुमा उपचार हुन नसक्ने देखिएमा सम्बन्धित चिकित्सकको सिफारिसमा जिल्ला अस्पताल वा चौरजहारी अस्पतालमा उपचारका लागि प्रेषण गरी उपचारको व्यवस्था मिलाउने ।

(ग) जिल्ला अस्पताल तथा चौरजहारी अस्पतालमा उपचार हुन नसक्ने अवस्थाका संक्रमितलाई सम्बन्धित चिकित्सकको सिफारिसमा अन्य उपयुक्त स्थानमा उपचारका लागि प्रेषण गर्ने। सो प्रयोजनका लागि एयर एम्बुलेन्स(हेलिकप्टर)को व्यवस्था मिलाउन कर्णाली प्रदेश सरकारका अनुरोध गरी पठाउने।

४. जनशक्ति व्यवस्थापन

कोभिड-१९ संक्रमित व्यक्तिहरुको उपचार व्यवस्थापनका लागि जिल्ला तथा स्थानीय तहहरुमा हाल उपलब्ध स्वास्थ्यकर्मीहरुको संख्या अत्यन्त न्यून रहेको र मौजुदा जनशक्तिले आगामी दिनमा उपचार व्यवस्थापन गर्न नसक्ने देखिएको हुँदा जनशक्ति व्यवस्थापन देहाय बमोजिम गर्ने निर्णय गरियो:

(क) प्रदेश सरकारबाट आवश्यक स्रोतसाधन सहित समर्थन गराउने गरी सम्बन्धित अस्पताल तथा स्थानीय तहहरुले तत्काल उपयुक्त विधिमार्फत जनशक्ति नियुक्ति गरी परिचालन गर्ने । यसरी अस्पताल तथा स्थानीय तहहरुबाट हुने नियुक्तिको समर्थन तथा सो जनशक्तिका लागि आवश्यक तलब भत्ता लगायतको स्रोत व्यवस्थापनका लागि कर्णाली प्रदेश सरकारमा अनुरोध गरी पठाउने।

(ख) थप जनशक्ति नियुक्त नहुँदासम्मका लागि मौजुदा जनशक्तिलाई अधिकतम रुपमा परिचालन गर्ने । अस्पतालहरुमा जनशक्तिको अभाव भएमा स्थानीय तहहरुमा उपलब्ध जनशक्तिलाई परिचालन गरी उपचारको व्यवस्था मिलाउने। यस कार्यको समन्वय स्वास्थ्य सेवा कार्यालयले गर्ने।

(ग) बिरामी भई उपचार गराउनुपर्ने र किरिया बस्नुपर्ने अवस्थामा बाहेक स्वास्थ्यकर्मीहरुलाई बिदा नदिने। उपलब्ध स्वास्थ्यकर्मीहरुलाई कार्ययोजना बनाई परिचालन गर्ने।

(घ) जिल्ला अस्पतालमा कार्यरत चिकित्सक लगायत अन्य जनशक्तिको म्याद थपका लागि सम्वन्धित निकायमा अनुरोध गर्ने ।

(ङ) जिल्ला अस्पताल तथा चौरजहारी अस्पतालमा थप चिकित्सकको व्यवस्था गरिदिन नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनुरोध गरी पठाउने ।

५. आईसोलेशन बेड तथा अक्सिजन व्यवस्थापन

कोभिड-१९ संक्रमित बिरामीलाई उपचारका लागि आवश्यक आईसोलेशन बेड तथा अक्सिजन व्यवस्थापनका लागि देहाय बमोजिम गर्ने निर्णय गरियो:

(क) जिल्ला अस्पताल तथा चौरजहारी अस्पतालमा उपलब्ध भौतिक संचरनाहरुको अधिकतम उपयोग गरी तत्काल ५०/५० वटा आईसोलेशन बेडहरुको व्यवस्था मिलाउने।

(ख) चौरजहारी अस्पताल अन्तर्गत १०० बेड क्षमता विस्तारका लागि कर्णाली प्रदेश सरकारमा अनुरोध गर्ने ।

(ग) जिल्ला अस्पतालमा सञ्चालन हुँदै आइरहेको प्रसुति सेवा बाहेकका अन्य सबै नियमित तथा आकस्मिक सेवाहरु रासि समाज अस्पतालको भवनबाट सञ्चालन हुने व्यवस्था मिलाई जिल्ला अस्पताललाई कोभिड अस्पतालको रुपमा सञ्चालन गर्ने।

(घ) यस अघिको निर्णय बमोजिम स्थानीय तहहरुले अक्सिजन सिलिन्डर वा कन्सन्ट्रेटर सहितका कम्तिमा २० बेड सहितको आईसोलेशन वार्डको व्यवस्था मिलाउने ।

(ङ) आईसोलेशन वार्डहरुको व्यवस्थापनका लागि अस्पताल तथा स्थानीय तहहरुले जुनसुकै किसिमका सरकारी वा सार्वजनिक भवन तथा संरचना एवं आवश्यकताअनुसार होटल, पार्टी प्यालेस, कलकारखाना, गोदामघर, कभर्ड हल लगायतका संरचना समेत उपयोग गर्न सक्ने।

(च) उपलब्ध अक्सिजन सिलिन्डरको अधिकतम उपयोग गर्न सिलिन्डर खाली नराखी नियमित रुपमा Refilling का लागि पठाउन जिल्ला अस्पताल र चौरजहारी अस्पतालले तत्काल एक एक वटा ढुवानी साधन भाडामा लिने र सो कार्यका लागि एक एक जना सम्पर्क व्यक्ति तोकी खटाउने । स्थानीय

तहहरुमा खाली भएका अक्सिजन सिलिन्डर Refilling का लागि पठाउँदा स्थानीय तहहरुले जिल्ला अस्पताल वा चौरजहारी अस्पतालसँग समन्वय गरीं पठाउने ।

(छ) थप अक्सिजन सिलिन्डरको व्यवस्था गरिदिन नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनुरोध गरी पठाउने।

६. सामग्री खरिद तथा व्यवस्थापन

कोभिड-१९ संक्रमण, रोकथाम तथा उपचारका लागि आवश्यक पर्ने विभिन्न मेसिनरी औजार, सवारी साधन लगायतका अन्य सामग्रीको खरिद तथा व्यवस्थापन देहायबमोजिम गर्ने निर्णय गरियोः

(क) प्रदेश सरकारबाट प्राप्त बजेटबाट जिल्ला अस्पतालले तत्काल एक एम्बुलेन्स र एक शववाहन खरिद गर्ने ।चौरजहारी नगरपालिकाले एक शववाहन खरिद गर्ने ।

(ख) चौरजहारी अस्पतालले तत्काल अक्सिजन प्लान्ट खरिद तथा जडान गरी सञ्चालनमा ल्याउने ।

(ग) महामारीको यस विषम परिस्थितिमा नियमित खरिद प्रकृया अवलम्बन गर्दा संक्रमितको उपचार व्यवस्थामा ढिलाई भई संक्रमितको मृत्युदर तीव्र रुपमा वृद्धि हुने देखिएको हुँदा कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचारका लागि प्रयोग हुने सम्पूर्ण औजार, सामग्री, औषधी आदि खरिद वा निर्माण गर्दा प्रचलित कानूनमा उल्लेखित विशेष व्यवस्था बमोजिम शीघ्र प्रकृया अवलम्बन गरी खरिद तथा निर्माण गर्न सम्बन्धित निकायहरुलाई सिफारिस गर्ने।

७. स्रोत व्यवस्थापन

(क) स्थानिय तहहरुमा आइसोलेसन वार्डहरुको व्यवस्थापन लगायत अन्य स्रोत साधन र जनशक्तिको व्यवस्थापनका लागी आवश्यक बजेटको व्यवस्था गरिदिन नेपाल सरका र प्रदेश सरकारमा अनुरोध गरी पठाउने ।

८. प्रतिवेदन

(क) कोभिड-१९ रोकथाम, नियन्त्रण तथा उपचारका लागि भएका कार्यहरु, विदेश तथा बाहिरी जिल्लाहरुबाट आएका व्यक्तिहरुको संख्या, निजहरु होम क्वारेन्टीनमा बसे नबसेको, निजहरुको स्वास्थ्य अवस्था लगायतका विषयको दैनिक प्रतिवेदन सम्बन्धित वडा कार्यालयहरुले सम्बन्धित स्थानीय तहका कार्यालयहरुमा गर्ने।

(ख) स्थानीय तह तथा अस्पतालहरुले कोभिड-१९ रोकथाम, नियन्त्रण तथा उपचारका लागि भएका कार्यहरुको विवरण सहितको प्रतिवेदन दैनिक रुपमा जिल्ला प्रशासन कार्यालय र स्वास्थ्य सेवा कार्यालयमा पठाउने।

(ग) स्वास्थ्य सेवा कार्यालयले दैनिक रुपमा एकीकृत प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पठाउने र आवश्यकतानुसार सार्वजनिक गर्ने।

(घ) प्रतिवेदन तथा निकायगत समन्वयका लागि सबै निकायहरुले एक/एक जना फोकल पर्सन तोक्ने ।

९. विविध

(क) जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय लगायत सम्वन्धित निकायहरुवाट कोभिड-१९ रोकथाम, नियन्त्रण तथा उपचारका लागि भएका कार्यहरुको नियमित रुपमा अनुगमन गर्ने ।

(ख) कोभिड-१९ रोकथाम, नियन्त्रण तथा उपचारका लागि स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, जनप्रतिनिधि, कर्मचारी र सञ्चारकर्मी लगायतवाट निर्वाह हुँदै आएको भूमिका प्रति हार्दिक धन्यवाद व्यक्त गर्दै उच्च मनोवलका साथ सक्रियताका साथ परिचालित हुन सवैमा अनुरोध गर्ने ।